JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ७ गते शुक्रबार ❑ 19 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## अदालतको फैसला मान्य हुन्छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ फागुन**

नेपाली काँग्रेस सभापति शेरबहादुर देउवाले सर्वोच्च अदातलको फैसला पार्टीका लागि मान्य हुने बताएका छन्।



नेपाल राष्ट्रिय मगर सङ्घ गण्डकी प्रदेशस्तरीय सम्मेलन तथा राष्ट्रिय मगर विद्यार्थी सङ्घ प्रदेश समितिको घोषणा कार्यक्रमको बिहीबार पोखरामा उद्घाटन गर्दै उहाँले अदातलले प्रतिनिधिसभा पुनःस्थापना वा निर्वाचनमा जाने जुनसुकै फैसला गरे पनि पार्टीका लागि स्वीकार्य हुने बताए। मुलुकको प्रत्येक परिवर्तमा मगर समुदायको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उनले संविधानले व्यवस्था गरेका हक अधिकारको संरक्षण कार्यान्वयनका लागि मगर सङ्गठित भएर अघि बढ्नुपर्नेमा जोड दिए। पार्टीका गतिविधिमा सक्रिय सहभागिता जनाउन कार्यकर्तालाई निर्देशन दिँदै सभापति देउवाले लामो सङ्घर्षबाट नेपाली जनताले प्राप्त गरेको अधिकारको रक्षाका लागि पार्टी एकताबद्ध भएर लाग्नुको विकल्प नभएको बताए। वरिष्ठ नेता रामचन्द्र पौडेलले जनताले पाँच वर्ष सरकार चलाउने अधिकार दिए पनि कम्युनिष्ट पार्टीले मुलुक सञ्चालन र विकास गर्न नसकेको आरोप लगाए। पार्टीको आन्तरिक झगडाका कारण प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्री केपी ओलीले गलत गरेको आरोप लगाउँदै उनले सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापन गर्ने विश्वास व्यक्त गरे।

नेपालमा अस्थिरता उत्पन्न गरी मुलुकलाई गृहयुद्धमा धकेल्न देशी विदेशी शक्ति लागेको उल्लेख गर्दै उनले त्यसका विरुद्धमा काँग्रेसले पहरेदारका रुपमा आफ्नो भूमिका निर्वाह गर्ने बताए। नेता गोपालमान श्रेष्ठले निर्वाचन भएमा काँग्रेसले स्पष्ट बहुमत प्राप्त गर्ने विश्वास व्यक्त गरे। नेपाल राष्ट्रिय मगर सङ्घका केन्द्रीय अध्यक्ष ओम थापामगरले मुलुकको परिर्वतका लागि भएका प्रत्येक आन्दोलनमा मगर समुदायले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै पार्टीले योग्यता र क्षमताका आधारमा अवसर दिनुपर्ने बताए। संविधानसभा सदस्य विन्दा रानामगर, म्याग्दीका पार्टी सभापति नीरज पुन, गण्डकी प्रदेशसभा सदस्य मणिभद्र शर्मा कँडेल, जीतप्रकाश आले, खम्वीर गर्बुजा मगर, दिपेन्द्र थापामगर, खडकबहादुर मगर, पदम पुन मगर, चन्द्रबहादुर रानामगरलगायतले पार्टी सङ्गठनका लागि मगर सङ्घले पुर्‍याउँदै आएको योगदानका बारेमा चर्चा गरेका थिए।

सम्मेलनमा सन्तजंग पुन मगरको सभापतित्वमा गठन गरिएको २५ सदस्यीय राष्ट्रिय मगर विद्यार्थी सङ्घ प्रदेश समितिको घोषणा गरिएको थियो।

## प्रधानमन्त्री ओलीबाट अदालतमा लिखित जवाफ पेश

**रासस**
**काठमाडौं, ६ फागुन**

प्रधानमन्त्री केपी शर्मा ओलीले स्वयं उपस्थित भई अदालतको अवहेलनाविरुद्धको मुद्दामा आज सर्वोच्च अदालतमा लिखित जवाफ पेश गरेका छन्।

अदालतले प्रधानमन्त्री ओलीलाई अदालतको अवहेलना मुद्दामा सात दिनभित्र सबै बेहोरा खुलाई आफैं लिखित जवाफ पेश गर्न गत माघ १५ गते आदेश जारी गरेको थियो। 'सर्वोच्च अदालतको मान, सम्मान र मर्यादाका लागि' आफैं उपस्थित भएर उनले लिखित जवाफ पेश गरे। प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले जानकारी दिए। प्रधानमन्त्रीले लिखित जवाफ मात्र दिए पनि हुनेमा अदालतको सम्मान गर्दै आफैं आएर पेश गर्नुभएको उनले बताए। न्यायाधीश डा मनोज शर्माको एकल इजलासले जारी गरेको आदेशमा "म्याद प्राप्त भएका मितिले बाटाको म्यादबाहेक सात दिनभित्र सबै बेहोरा खुलाई आफैं लिखित जवाफ पेश गर्नुहोला", भनिएको थियो। वरिष्ठ अधिवक्ता डा कुमार शर्मा आचार्य र अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले सर्वोच्च अदालत, संवैधानिक इजलासमा प्रतिनिधिसभा विघटनसम्बन्धी विचाराधीन मुद्दामा अभिव्यक्ति दिएर प्रधानमन्त्रीले न्याय सम्पादनमा अवरोध गरेको उल्लेख गर्दै अदालतको अवहेलना मुद्दा दायर गरेका थिए।

सोही प्रकृतिको आदेशानुसार चार पूर्वप्रधानन्यायाधीश मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्कीले पनि लिखित जवाफ पेश गरिसकेका छन्।

## चिकित्सकको परामर्श शुल्क नबढाऊ : मन्त्रालय

**रासस**
**काठमाडौं, ६ फागुन**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले चिकित्सकको परामर्श शुल्क नबढाउन निर्देशन दिएको छ।

मन्त्रालयका प्रवक्ता डा जागेशवर गौतमले नेपाल चिकित्सक सङ्घ र एशोसियसन अफ प्राइभेट हेल्थ इन्ष्टिच्युसन नेपाल (एफिन) लाइ परामर्श र गृहकार्य गरेर मात्र चिकित्सकको परामर्श शुल्क तोक्न निर्देशन दिएका हुन्। उनले कोरोना भाइरस-१९ को सङ्क्रमण र यसले निम्त्याएको आर्थिक शिथिलता समेतलाई मध्यनजर गर्दा चिकित्सको परामर्श शुल्क २०७१ भदौ ११ गते मन्त्रालयले जारी गरिएको पत्रानुसार हुने उल्लेख गरे। उनले मन्त्रालयसँग सहमति नगरी वृद्धि गरिएको परामर्श शुल्क अमान्य भएको जनाउनुभएको छ। "गत माघ ४ गते यस मन्त्रालयका प्रमुख विशेषज्ञको संयोजकत्वमा रहेको कमिटीसँग गरिएको सम्झौता कार्यान्वयन गर्न मन्त्रालयले थप निर्णय गर्नुपर्ने तथ्यलाई नबुझी एकलौटीरुपमा सङ्घ र एफिनद्वारा वृद्धि गरिएको परामर्श शुल्कप्रति मन्त्रालयको सहमति नरहेको व्यहोरा जानकारी गराइन्छ", उनले भने, "यसअघि मन्त्रालयबाट गठित परामर्श शुल्क सिफारिस समितिले सिफारिस गरेको शुल्क परिमार्जनलाई मन्त्रालयले निर्णय नगरिसकेको अवस्थामा र मन्त्रालयसँग थप कुनै पनि परामर्श नगरी शुल्क वृद्धि गर्ने अवस्था रहँदैन।" मन्त्रालयले आवश्यक थप गृहकार्य र मन्त्रालयसँगको परामर्श गरी मात्र परामर्श शुल्क वृद्धि गर्न उचित हुने र सर्वसाधारणमा थप दुविधा उत्पन्न भई सेवामा असर पुग्नसक्ने बताए।

उहाँले निजी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीको न्यूनतम पारिश्रमिक, अस्पतालको सेवा शुल्क र परामर्श शुल्कसमेतको समयसापेक्षित परिमार्जन गर्न सम्बन्धित सरोकारवालासँग छलफलका लागि मन्त्रालय तयार रहेकोसमेत उनले विज्ञप्तिमा जनाएका थिए। मन्त्रालयले निजी स्वास्थ्य संस्थामा कार्यरत सेवा प्रदायकको तोकिएबमोजिमको न्यूनतम पारिश्रमिक सुनिश्चित गर्न र सो पारिश्रमिक बैंकमार्फत भुक्तानी गर्न आग्रह गरेको छ।

## लोकसेवा तयारी कक्षा सञ्चालन

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ फागुन**

कास्कीको माछापुच्छ्रे गाउँपालिकाले निजामती सेवामा महिला सहभागिता बढाउन लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरेको छ।

उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रमअन्तर्गत गाउँपालिकाको भवनमा उक्त तयारी कक्षा सञ्चालन गरिएको गाउँपालिका उपाध्यक्ष कृष्णकुमारी दवाडीले जानकारी दिए। "गाउँपालिकाका महिलालाई सवल र सक्षम बनाउन हामीले उपाध्यक्षसँग महिला तथा बालबालिका कार्यक्रम सञ्चालन गरेका छौँ, यसैअन्तर्गत अहिले निजामती क्षेत्रमा महिला सहभागिता बढाउन लोकसेवा तयारीका लागि निःशुल्क कक्षा सञ्चालन गरेका हौँ", दवाडीले भने।

दवाडीका अनुसार लोकसेवा तयारीका लागि रु तीन लाख बजेट छुट्याइएको छ। यसको साथै गाउँपालिकाका नौ वटा वडामा कोभिड- १९ बाट प्रभावित महिला तथा बालबालिकालाई राहत कार्यक्रम र सीपमूलक तालीम पनि सञ्चालनको योजना रहेको उनले जानकारी दिए। महिला तथा बालबालिकाका लागि रु २४ लाख बजेटबाट कार्यक्रम गरिरहेको र प्रत्येक वडाका लागि रु एक/एक लाख बजेट छुट्याइएको उनले बताए। गाउँपालिकाका महिला तथा बालबालिका समाजकल्याण शाखा प्रमुख रिता थापाले १८ वर्षमाथि ३६ वर्षसम्मका ३५ महिलाको सक्रिय सहभागिता रहेको जानकारी दिए। उनका अनुसार गत माघ २४ गतेदेखि निरन्तर बिहान ८:०० देखि १० :०० बजेसम्म र बिदाको दिन १०:०० देखि ४:०० बजेसम्म कक्षा सञ्चालन हुँदै आएको छ। नायब सुब्बा र खरिदार तहका लागि सञ्चालित तयारी कक्षामा प्रथमपत्र र द्वितीयपत्रकै कोर्षको पढाइ सञ्चालन गरिएको छ। उक्त गाउँपालिका वडा न ४ कि ३४ वर्षीय गीता कुँवरले तयारी कक्षाले परीक्षाका लागि आत्मविश्वास बढेको बताए।

"मलाई पहिलेदेखि लोकसेवाको परीक्षा दिन मन थियो तर खासै अनुभव थिएन, अहिले आफ्नै गाउँपालिकाले तयारी कक्षा सञ्चालन गरेपछि पढ्ने उत्साह मिलेको छ।" कुँवरले नासु र खरिदार दुवैका लागि परीक्षा दिने तयारी गरेको बताए। अधिकांश विवाहित महिलाको सहभागिता रहेको तयारी कक्षामा अध्ययन सामग्री र पुस्तक पनि गाउँपालिकाले उपलब्ध गराएको छ।

## सन्दीप आइपिएलको छनोटमा असफल

**रासस**
**काठमाडौं, ६ फागुन**

सन् २०२१ को इन्डियन प्रिमियर लिग (आइपिएल) का लागि नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछाने छनोटमा पर्न असफल भएका छन्। भारतको चेन्नईमा आइपीएलको बिहीबार भएको अक्सनमा लामिछाने 'अनसोल्ड' भएका हुन्।

आइपीएलमा लामिछानेले आफ्नो न्यूनतम अनुबन्धित मूल्य ४० लाख भारतीय रुपैयाँ राखेका थिए। उनलाई अनुबन्ध गर्न आइपीएलको कुनै पनि टोलीले रुचि देखाएनन्। लामिछानेले पहिलो पटक सन् २०१८ मा दिल्लीबाट आइपीएल खेलेका थिए। उनी त्यो बेला रु ३२ लाखमा अनुबन्ध हुनुभएको थियो। सन् २०१९ र सन् २०२० मा दिल्लीको टोलीमा रहनुभएका लामिछानेलाई फुकुवा गरेपछि उनी यस पटक अक्सनमा सहभागी भएका हुन्। सन् २०१८ को आइपीएलमा लामिछानेले तीन खेलमा पाँच विकेट लिएका थिए। दोस्रो वर्ष सन् २०१९ को आइपिएलमा लामिछानेले छ खेलमा आठ विकेट लिएका थिए। तेस्रो वर्ष सन् २०२० को संस्करणमा भने उनलाई कुनै पनि खेलमा खेल्ने मौका दिइएको थिएन।

## प्राविधिक र व्यहावहारिक शिक्षामा जोड दिनुपर्ने सांसद बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ फागुन**

गण्डकी प्रदेशका संसाद रामजी प्रसाद बराल (जीवन) ले प्राविधिक र व्यवहारिक शिक्षामा जोड दिनुपर्ने बताएका छन्।



कास्कीको माछापुच्छ्रे गाउँपालिका रिभान ५ स्थित निष्पक्ष मा.वि. हालै सम्पन्न भएको ५९ औं बार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथी सांसद बरालले अहिलेको अबस्थामा सैद्धान्तिक भन्दा प्राविधिक तथा व्यवहारिक शिक्षामा नै जोड दिनुपर्ने बताएका हुन्।

उनले भने "हाम्रो शिक्षा नितीले धेरै बेरोजगार शैक्षिक जनशक्ति उत्पादन गरेको छ, यसमा बजारमा माग भए अनुसारको सिप युत्त तथा प्राविधिक एवं व्यहारिक ज्ञान भएका निकै न्यून सङ्ख्यामा जनशक्ति उत्पादन भएको छ।" भूगोलका हिसावले धेरै ठाँउमा बिद्यालयहरु स्थापन भए पनि अब यातायातको कारण बिद्यालयहरुको गुणस्तरको लागि र बिद्यालयको भविश्यको लागि मर्जको सिस्टममा जानको लागि अब बहस सुरु गर्नु पर्ने सांसद बरालको भनाई थियो।

गण्डकी प्रदेशको शिक्षा विकास निर्देशनालयका निर्देशक तिलकप्रसाद सिलवालले कोरोनाले प्रभावित भएको शिक्षा क्षेत्र विस्तारै सुधार हुदै गएको बताउदै अझै पनि कोरोनाको प्रभाव भएकोले आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्न आग्रह गरे।

बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष पूर्ण गिरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा राष्ट्रिय पुनः निर्माण प्राधिकरण जिल्ला आयोजना ईकाई, शिक्षा कास्कीका प्रमुख लाल प्रसाद पोखल, नेपाल सेकोस अफ वेल्जियमका पूर्व अध्यक्ष राम प्रसाद तिमिल्सिना, बिद्यालयका प्रध्यानाध्यापक दुर्गा बहादुर रावत, सहप्रध्यानाध्यापक सोमनाथ लामिछाने, शिक्षक जीत बहादुर क्षेत्री, शिक्षिका माया पौडेल लगायतले शिक्षाको बारेमा चर्चा गरेका थिए।

उक्त अवसरमा बर्ष उत्कृष्ट शिक्षकबाट सन्ध्या अधिकारी लामिछाने, निर्मला ढुंगाना र माया पौडेल सम्मानित भएका छन्। बिद्यालयमा करिब १० वटा अक्षयकोष स्थापना भएको छ। बिद्यालयमा ३ सय जना बिद्यार्थी रहेको शिक्षक शिव प्रसाद भुषालले बताए। उनका अनुसार बिद्यालयमा शिक्षक कर्मचारी १९ जना रहेका छन भने निजी श्रोतबाट ५ जना शिक्षकको व्यबस्थापन हुदै आएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# पोखराको पार्किङ व्यवस्थापनमा पोउवा संघको चासो

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

पोखरा उद्योग वाणिज्य संघले पोखराको पार्किङ समस्या सुल्झाउनको लागि उद्योगी/व्यवसायीबाट सुझाव संकलन सुरु गरेको छ । संघको फुटपाथ तथा बजार व्यवस्थापन उपसमितिको आयोजनामा बिहीबार भएको कार्यक्रममा बोल्दै संघका अध्यक्ष नारायण कोइरालाले बजार क्षेत्रमा देखिएको पार्किङ समस्या समाधानको उपाय खोज्ने उदेश्यले सुझाव संकलन थालिएको बताए।



पोखरा उद्योग वाणिज्य संघले यसअघि पोखराको फुटपाथमा हुने अनधिकृत व्यापार हटाउन खेलेको भूमिकाको स्मरणगर्दै अध्यक्ष कोइरालाले अहिले देखिएको समस्या समाधानको लागि पोखरा महानगरपालिकासँग सहकार्य गर्न संघ तयार भएको बताए। उनले व्यवसायीले दिएका सुझावहरुमो आधारमा संघले आफ्नो धारणा बनाउने र समस्या सल्टाउन महानगरलाई आग्रह गरिने जानकारी दिए।

कार्यक्रममाबोल्दै संघका उपाध्यक्ष तथा फुटपाथ तथा बजार व्यवस्थापन उपसमिति संयोजक अर्जुन पोखरेलले अव्यवस्थित पार्किङका कारण पोखराले आफ्नो सुन्दरता पनि गुमाएको र व्यवसायमा पनि ठूलो असर पुर्‍याएको चर्चा गर्दै व्यवस्थित पार्किङको लागि नै कार्यक्रम आयोजना गरिएको बताए।

कार्यक्रममा सुझाव दिने क्रममा व्यवसायी लक्ष्मण श्रेष्ठले पार्किङ शुल्क लिने गरी कार्डको व्यवस्था गर्न तथा सडकको एकातिर गाडी र अर्कोतिर मोटरसाइकल पार्किङ गर्दा राम्रो हुने बताए। व्यवसायी शेषकान्त ढकालले दोकान अगाडि सामान झार्दा र लैजाँदा पनि पार्किङ शुल्क माग्ने गरिएको बताउँदै स्थायी पार्किङ स्थल निर्माण हुनुपर्नेमा जोड दिए । व्यवसायी चन्द्रेश्वर बस्ताकोटीले मोटरसाइकलमा डुलेर पार्किङ शुल्क उठाउने गरिएको बताउँदै एक-एक घण्टामा पार्किङ शुल्क लिने परिपाटी गलत भएको बताए।

संघका पूर्व उपमहासचिव रामजी बास्तोलाले पार्किङ शुल्क व्यवहारिक हुनुपर्नेमा जोड दिए। नरेन्द्र आचार्यले नगर बसहरुले जता पायो त्यतै मान्छे झार्ने र ओराल्ने गर्दा समस्या परेको बताए। रामकृष्ण ढुंगानाले फिरन्ते व्यापारीहरुले घरघर गएर सामान बेच्दा कर तिरेर व्यवसाय गर्नेहरु मर्कामा परेको बताए । पोखरा उद्योग वाणिज्य संघकाकार्य समिति सदस्य बालकृष्ण कोइरालाले ट्राफिक नियम उलंघन हुँदा मनोमानी रुपले जरिबाना तिराइने गरेको गुनासो गरे। संघका पूर्व उपाध्यक्ष मीनराज काफ्लेले महानगरले जग्गा व्यवस्थापन गर्दै सशुल्क पार्किङ स्थल बनाउनुपर्नेमा जोड दिए । संघका कार्यसमिति सदस्य हरिराज पन्तले मालबाहक सानागाडीहरुलाई विभिन्न बहानामा ट्राफिक प्रहरीले दुःख दिने गरेको बताए । व्यवसायी बासु त्रिपाठीले भावनामा बगेर पोके व्यापारीलाई संरक्षण नगर्न व्यवसायीहरुसँग आग्रह गरे।

अर्का व्यवसायी विष्णुप्रसाद तिमिल्सिनाले सडकमा कर उठाउनु नाजायज भएको बताए । यस्तै कार्यक्रममा बोल्दै व्यवसायी किरण ढकालले व्यवसायीकै संरक्षणका कारण फुटपाथमा व्यापार बढेको जिकिर गरे। व्यवसायी देवराज आचार्यले पोखराको ट्राफिक व्यवस्थापनमा महानगरले उदाशिनता देखाएको आरोप लगाए। संघका पूर्वउपाध्यक्ष माइकल कर्माचार्यले पार्किङ व्यवस्थापनको लागि महानगरले सार्वजनिक निजी साझेदारीको अवधारणामा टेकेर निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने बताए।

कार्यक्रममा सहभागिहरुलाई धन्यवाद दिँदै संघका उद्योग तर्फका उपाध्यक्ष गोकर्ण कार्कीले व्यवसायीहरुका सुझावलाई संघले गम्भीरतापूर्वक लिएको बताए। सहभागिहरुले पार्किङको लागि बनाइएको अण्डर ग्राउण्डहरु सोही प्रयोजनमा लगाउन, आकासे पुलहरु बनाउन, ट्राफिक अवस्थाबारे जानकारी दिनको लागिएप्सको निर्माण गर्न र व्यवस्थित पार्किङ स्थल निर्माण गर्न बढी जोड दिएका थिए।

# मुख्यमन्त्री कप भलिवल प्रतियोगितामा शुक्रबार सेमिफाइनलका खेलहरु हुने

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

पोखरामा जारी प्रदेश स्तरिय मुख्यमन्त्री कप महिला तथा पुरुष भलिबल प्रतियोगिता अर्न्तगत शुक्रबार सेमिफाइनलका खेलहरु हुने भएका छन्। महिला तर्फ कास्कीले पर्वतसंग र अर्को सेमिफाइनल खेलमा म्याग्दीले तनहुँसंग प्रतिष्प्रर्धा गर्ने भएका छन्।

त्यस्तै पुरुष तर्फको भलिवल खेलको पहिलो सेमिफाइनलमा स्याङजा र पर्वत प्रतिष्प्रर्धामा उर्त्रिने भएकाछन भने अर्को सेमिफाइनल खेलमा भने म्याग्दीले तनहुँसंग सामना गर्ने भएको हो । मनाङ बाहेक गण्डकी प्रदेशका १० वटा जिल्लाको सहभागिता रहेको प्रतियोगितामा कास्की महिला तर्फ सेमिफाइनलमा प्रवेश गरेको छ भने पुरुष तर्फको टोली प्रतियोगिताबाटै बाहिरिएको छ।

पोखरा रंगशालाको भलिवल कोर्टमा बिहीबार भएको महिला तर्फको खेलमा म्याग्दीले स्याङजालाई २५–५ र २८–२६ को सोझो सेटमा पराजित गरेको हो। अर्को खेलमा तनहुँले मुस्ताङलाई २५–७, २५–९ को सोझो सेटमा पन्छाएको हो । कास्कीले बागलुङलाई ९–२५, २५–२३ र २५–१८ को सेटमा पराजित गरेको हो । पहिलो सेटमा पराजित भएको कास्कीले कमव्याक गर्दा सेमिफाइनलमा यात्रा बनाउन सफल भयो । त्यसै गरी विहिबार भएको पुरुष तर्फको खेलमा स्याङजाले बागलुङलाई २५–२० र २७–२५ को सोझो सेटमा पराजित गरेको हो। अर्को खेलमा म्याग्दीले कास्कीलाई २५–१९ र २५–१२ को सोझो सेटमा पराजित गरेको हो। नतहुँले नवलपरासीलाई २५–१८ र २५–२० को सोझो सेटमा पराजित गरी अन्तिम चारमा स्थान बनाएको हो । भलिवल खेलको प्रबर्द्धन गर्न र जनसहभागिता बढाउन, भलिवल खेल मार्फत पर्यटन प्रबर्द्धन गर्न, उत्कृष्ट खेलाडी पहिचान गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता गराउन पनि उत्त प्रतियोगिता पहिलो पटक पोखरामा आयोजन गरिएको कास्की जिल्ला भलिबल संघका अध्यक्ष भिम पराजुलीले बताए । नवौं राष्ट्रिय खेलकुदको लागि उत्कृष्ट खेलाडी छनौट गरी बन्द प्रशिक्षणमा कम्तिमा एक महिना राखि गण्डकीको उत्कृष्ट टिम तयार पार्ने योजना रहेको अध्यक्ष पराजुलीले जनाए।

प्रतियोगितामा उपाधि विजेता महिला तथा पुरुष टिमले जनही नगद २/२ लाख, उपविजेता टिमले जनही नगद १/१ लाख तथा तेश्रो हुने टिमले जनही ५०/५० हजारका साथमा कप, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको प्रतियोगिता संयोजक खगेन्द्र गौचनले बताए।

प्रतियोगितामा उत्कृष्ट हुने महिला तथा पुरुष खेलाडीलाई जनही ५/५ हजार, उत्कृष्ट सेटर, डिफेण्डर, स्पाइकर र लिफ्टरले समेत नगद ५-५ हजारका साथमा प्रमाणपत्र प्राप्त गर्ने संयोजक गौचनले बताए।

# देवघाट पुग्यो राष्ट्रिय प्रसारण लाइनको बिजुली

पोखरापत्र संवाददाता
तनहुँ, ६ फागुन

देवघाट गाउँपालिकाका-१ मा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको छ।

वडा नं ५ स्थित देवपुरबाट ११ केभी लाइनमार्फत कालीटार, कोटा र गोपीटारमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुगेको हो। त्यस क्षेत्रमा अहिले लघु जलविद्युत्मार्फत विद्युत् आपूर्ति भइरहेको थियो। राष्ट्रिय ग्रिड पुगेकाले अब त्यस क्षेत्रको विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय रहेको तनहुँ विद्युतीकरण आयोजनाका साइट इञ्चार्ज लक्ष्मण रेग्मीले जानकारी दिए । जिल्लामा निर्माणाधीन १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाको ग्रामीण विद्युतीकरण कार्यक्रमअन्तर्गत विद्युत् बिस्तार गरिएको हो । नेपाल विद्युत् प्राधिकरणमार्फत कार्यान्वयन भइरहेको कार्यक्रमबाट जिल्लालाई पूर्ण विद्युतीकरण गर्ने लक्ष्य रहेको उनले बताए। त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि निर्माण गरिएको ११ केभी लाइन र तीन वटा ट्रान्सफर्मर आज सञ्चालन गरिएको आयोजनाका साइट इञ्चार्ज रेग्मीले जानकारी दिए । "लाइन र ट्रान्सफर्मर जडान गरी चार्ज गरेका छौँ, तनहुँ वितरण केन्द्रले अब उपभोक्ताको घरघरमा मिटर जडान गर्नेछ", उनले भने, "लाइन पुगेपछि त्यस क्षेत्रका करीब ५०० घरधुरी लाभान्वित हुनेछन्।"

विद्युत् आपूर्तिका लागि कालीटार, कोटा र गोपीटारमा एक/एक वटा ट्रान्सफर्मर राखिएको छ। केही दिनअघि घिरिङ गाउँपालिका-१ मा पनि राष्ट्रिय प्रसारण लाइन पुर्‍याइ विद्युत् आपूर्ति शुरु गरिएको छ । आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत जिल्लामा विद्युतीकरण गर्न प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना कार्यान्वयन गर्न इष्टइण्डिया उद्योग/वाइवा इन्फ्राटेक जेभीसँग १३ मङ्सिर २०७५ मा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौताको रकम ६१ लाख ५३ हजार अमेरिकी डलर रु चौध करोड ८८ लाख रहेको छ । ठेकेदार कम्पनीले विद्युतीकरण नभएका क्षेत्रको पहिचान गरी सर्भे तथा डिजाइन सम्पन्न गरिसकेको छ। कम्पनीले ३३/११ केभी वितरण लाइन निर्माण गर्नेछ । उक्त कार्यक्रमअन्तर्गत नै बन्दीपुर गाउँपालिकाको सराङघाट र घिरिङ गाउँपालिकामा सबस्टेशन निर्माणाधीन छन्।

ग्रामीण विद्युतीकरणअन्तर्गतका सम्पूर्ण काम यसै आर्थिक वर्षमा सक्ने लक्ष्य राखिएको छ । गुणस्तर तथा नापतौल विभागको क्षेत्रीय कार्यालय पोखराको सहयोगमा आज दमौलीमा २६५ व्यवसायीका ढक, तराजु र मिटरको जाँच गरिएको छ। तनहुँ उद्योग वाणिज्य सङ्घ, दमौली बजार एकाइको समन्वय व्यापारीले प्रयोगमा ल्याउने नाप तौल सही किसिमले प्रयोग गरेका छन् कि छैनन् भन्ने उद्देश्यले नापतौलको जाँच गरिएको हो। जाँच गर्ने क्रममा आज सदरमुकाम दमौलीमा ढक, तराजु तथा डिजिटल काँटा र मिटरको परीक्षण गरिएको हो । उपभोक्ता नठगिउन् र व्यापारीले पनि बढी दिएर घाटामा नजाउन भनेर परीक्षण गरिएको गुणस्तर तथा नापतौल कार्यालय पोखराका निरीक्षक मौनता मानन्धरले बताए । नापतौल जाँचका क्रममा अधिकांश व्यवसायीले जरिवाना तिरेका छन् । समयमा नवीकरण नगर्ने व्यवसायीले रु १०० का दरले जरिवाना तिरेको निरीक्षक मानन्धरले बताए । इलेक्ट्रिक ढक प्रयोग गर्ने व्यवसायीले अनिवार्यरुपमा १० प्रतिशत बराबरको ढक राख्नुपर्ने व्यवस्था गरिएको छ। त्यसैगरी आज नापतौल जाँचका क्रममा पाँच व्यवसायीको मेशिन जफत गरिएको छ। दर्ता नगरिएका, नवीकरण नगरिएका र स्टीकर टाँस नगरिएका व्यवसायीको मेशिन जफत गरिएको दमौली बजार एकाइका सचिव दधीराज घिमिरेले जानकारी दिए।

# हेमराज स्मृति पुरस्कार झरना साहित्यिक परिवारलाई

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

यस वर्षको हेमराज स्मृति पुरस्कार 'झरना साहित्यिक परिवार मकवानपुर'लाई अर्पण गरिने भएको छ । हेमराज पहारी स्मृति प्रतिष्ठानद्वारा स्थापित सो पुरस्कारको राशि नगद एक लाख सहित ताम्रपत्र रहेको छ।

साहित्यकार एवं समाजसेवी हेमराज पहारीका योगदानलाई जनसमक्ष लैजान र साहित्यको विकासमा टेवा पुर्‍याउने लक्ष्यका सो स्मृति प्रतिष्ठान गठन गरिएको हो।

प्राज्ञ हरिदेवी कोइराला संयोजक र लक्ष्मी निरौला र रमा परासर सदस्य रहनुभएको प्रतिभा छनोट समितिको सिफारिस अनुसार झरना साहित्यिक परिवारलाई पुरस्कार प्रदान गर्न लागिएको हो।

साहित्यकार हेमराजको ११औँ स्मृति दिवस यही फागुन १७ गते हेटौँडामा स्मृतिसभा र पुरस्कार समर्पण समारोह आयोजना गरिने प्रतिष्ठानका अध्यक्ष रीता न्यौपानलेले जानकारी दिइन । विसं २०५० मा स्थापना भएको सो संस्थाले हरेक महिनाको चौथो शनिबार नियमित शृङ्खलासहित विभिन्न साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको छ।

प्रत्येक दुई वर्षमा प्रदान गरिने सो पुरस्कार यसअघि शताब्दी पुरुष सत्यमोहन जोशी, दाङको राप्ती साहित्य परिषद्, धरानको विमल गुरुङ स्मृति पुस्तकालय र लोककवि अली मियाँलाई प्रदान गरिएको थियो।

# सामुदायिक सेवा केन्द्र बगरको रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ बगरले आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ५९ यूनिट रगत संकलन भएको छ।




कार्यक्रममा बोल्दै प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले सामुदायिक बगरले सामाजिक क्षेत्रमा अग्रपंक्तिमा खटिएर काम गरेको भन्दै प्रशंसा व्यक्त गरे । कार्यक्रममा सामुदायिक जिल्ला समन्वय समितिका अध्यक्ष बोधराज कार्कीले समाजमा हुने विकृति विसंगति न्यूनिकरण गर्न कास्की जिल्लाका सामुदायिक क्रियाशिल भएर लागेको बताए।

कार्यक्रममा सामुदायिक जिल्ला समन्वय समितिका महासचिव तथा वगरका निवर्तमान अध्यक्ष मनपति भण्डारी, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी संस्थापक अध्यक्ष सीता गुरुङ, पूर्व अध्यक्ष पुरुषोत्तम श्रेष्ठ, पूर्व अध्यक्ष जीवन अधिकारी, सल्लाहकार विश्वमोहन गौचन, वडा नं. १ का वडा सदस्य रुद्रप्रसाद च्वाई, सामुदायिक सेवा केन्द्र एमव् सामुदायिक प्रहरी सेवा पृथ्वीचोकका अध्यक्ष विपिन अधिकारी, माटेपानीकी कार्यवाहक अध्यक्ष मिरादेवी आचार्य, सिम्पानी टोल विकास संस्थाकी अध्यक्ष राधा अधिकारी, नमूना आमा समूहकी अध्यक्ष राधा मानन्धरले बोलेका थिए । सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा बगरका अध्यक्ष रामभूषण पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष एवम् कार्यक्रम संयोजक कल्पना बास्तोलाले स्वागत र सचिव शिवराज अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।





## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# प्रजातन्त्रको लागि राजनीतिक स्थायित्व

नेपालमा प्रजातन्त्र स्थापना भएको सत्तरी वर्ष पुरा भएको छ । नेपाली जनताले प्रजातान्त्रिक अधिकार पाएको सत्तरी वर्ष पुरा हुँदा पनि देशमा राजनीतिक स्थायित्व हुन सकेको छैन । लोकतन्त्र ठुला ठालुका लागि हो कि जनताका लागि हो भन्ने बहस जारी छ।नेपाली जनताले आफ्नो देशको विकास र स्थायित्वका लागि पटकपटक आन्दोलन गर्नुपर्ने अवस्था छ।जनताको मतलाई भन्दा शक्तिकेन्द्रको स्वार्थमा चल्ने नेता र दल रहेसम्म वास्तविक प्रजातन्त्रको लागि देशभक्त नेपालीले खबरदारी गर्नुपर्नेछ ।सत्तरी बर्ष अघि १०४ बर्षको जहानीया राणा शासन अन्त्यको घोषणा भएको दिन फागुन ७ हो । जहानीया शासन अन्त्य भै जनताले राजनीतिक अधिकार पाएको दिन हो । नेपालमा राणा शासन अन्त्य भइ २००७ साल फागुन ७ गतेका दिन प्रजातन्त्र स्थापना भएको हो । राणा शासन अन्त्य भएपनि सम्पूर्ण शक्ति पराजीत भएको थिएन । आन्दोलनकारी शक्ति,राणा र राजतन्त्र बीच संभौता भएर प्रजातन्त्र आएको थियो ।

नेपालमा प्रजातन्त्र स्थापनाका लागि भारतको ठूलो साथ र समर्थन रहेको थियो । भारतको मध्यस्थतामा भएका सहमति देशको स्थायित्व र प्रजातन्त्रको संस्थागत हुन सकेन। राजतन्त्रबाटै प्रजातन्त्रमाथि खतरा उत्पन्न भयो । नेपाली जनताले चाहेको जस्तो प्रजातन्त्र पाउन धेरै संघर्ष र आन्दोलन गर्नुपर्‍यो । २००७ सालमा राजा त्रिभुवनले जनतासामु गरेको आफ्नो संविधान आफै बनाउने घोषणा अनुसार बल्ल कार्यान्वयनमा आएको छ । हामीले प्राप्त गरेको लोकतन्त्र/प्रजातन्त्र जप्ने मन्त्र होइन । कसैले आफूलाई लोकतन्त्रवादी प्रजातन्त्रवादी भनेर मात्र पुग्दैन । कसैले आफूलाई लोकतन्त्रवादी प्रजातन्त्रवादी भनेर पुग्ने अवस्था छैन । व्यवहारमा लोकतन्त्र छ कि छैन महत्वपूर्ण हो । नेपालका राजनीतिक दल र तीनका नेताले अपनाउने व्यवहारले लोकतन्त्र कति मजवुत छ भन्ने कुरा स्पष्ट हुन्छ । सत्तामा पुग्नका लागि नेपालका राजनैतिक दल र नेताहरु आन्दोलन गर्न सक्षम छन् । आन्दोलनमा जनतालाई जागरुक गराउन र अधिकारका लागि सचेत गराउने काम दलले गरेका हुन् । आन्दोलन गर्न सक्ने तर त्यसको उपलब्धी संस्थागत गर्ने बेलामा बाभ्ने गरेका छन् । सत्ता स्वार्थका कारण जनतालाई अधिकारले बलियो बनाउनु भन्दा खुट्टा तान्ने प्रवृति दोहोर्‍याएका छन् ।

बहुमतको स्थिर सरकारलाई काम गर्न नदिने र अस्थिरता निम्त्याउन खोज्दा देशमा आन्दोलनको घोषणा भएको छ। जुन दलसँग बहुमत छ त्यही दलभित्र खेल्ने रोग शक्तिकेन्द्रहरुले गर्दै आएका छन् । कांग्रेसले दुइ तिहाई बहुमत ल्यउदा होस या पटक पटक बहुमत ल्याउँदा दलभित्रको आन्तरिक खिचातानीलाई खेल्ने काम गरेकै हो । अहिले नेकपाको बहुमत छ खेल्ने काम पनि दलभित्रै भएको छ । नेपालमा अस्थिरता कायम राख्न पात्र फेरिएका छन।प्रबृत्ति उहीँ छ ।

२००७ सालदेखि २०१७ सालसम्म दलहरुबीच बेमेलले गर्दा प्राप्त उपलब्धी संस्थागत हुन सकेन । अहिले पनि त्यही अवस्था छ । जुन जनताले नचाहेको र दलहरुको प्रतिबद्धता विपरितको क्रियाकलाप हुन् । संविधान जारी भए पछि भएका चुनावले स्थानीय तह, प्रदेश र संघीय सरकारको अनुभव जनताले गर्दैछन् । २०१५ सालको चुनाव पछि कांग्रेसले दुईतिहाईको सरकार गठन गरेको थियो । त्यसलाई डेढ बर्षमै राजा महेन्द्रले 'कु' गरेर ढाले ।अहिले नेकपाले बहुमत प्राप्त गरेर स्थिर सरकार दिएकोमा चिन्तित भएका शक्तिले सरकार ढाल्न नेकपा भित्र खेले।त्यो खेलमा एकहद सम्म सफल भएका छन । जनतालाई दिने सेवा र शासन सत्तामा रहनेको व्यवहारले गर्दा जुन जोगी आएपनि कानै चिरेको थैलो भिरको उखान जस्तो बन्न पुगेको छ । नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख मुलुक बनाउने कुरा अहिलेका गतिविधिले ठेस लागेको छ।प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभा विघटन गरि बैशाखमा चुनाव गराउने घोषणा गरेका छन।विघटन विरुद्ध सर्वोच्च अदालतको संवैधानिक इजलासमा बहस जारी छ।देशका राजनीति दल पनि चुनाव कि प्रतिनिधि सभा पुनर्थापना भन्नेमा विभाजित छन ।

प्रजातन्त्रमा सबैभन्दा ठूला जनता हुन्छन् ।जनतामा गएर ताजा जनादेश लिन खोज्नु प्रजातन्त्र बलियो बनाउन खोज्नु हो । कसैले जितेको र कसैले हारेको अनुभुति नगरी जनताको जित, देशको स्वाभिमान कायम हुनेगरी शासन संचालन गर्न सके मात्र प्रजातन्त्र बलियो हुन सक्छ । प्रजातन्त्र ल्याउनको निम्ति प्राण आहुति दिने र आन्दोलनमा लाग्ने सबैलाई यस अवसरमा स्मरण गर्न चाहन्छौं । सिमित बर्गले मात्र राज्यको साधन श्रोतको दोहन गर्ने बहुसंख्यक जनता नयाँ खालका शोषण र उत्पिडनमा पर्ने हो भने लोकतन्त्र बलियो हुन सक्दैन । सत्तामा पुगेकाहरुले जनतालाई आफुजस्तै सम्पन्न छन् भन्ने सोचाईका कारण जनतामा असन्तुष्टि बढ्दै गएको छ । जनतालाई परिवर्तनको अनुभुति दिलाउन सकेमा मात्र प्रजातन्त्र दिवस मनाएको सार्थकता देखिने छ । प्रजातन्त्र दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीमा प्रथम चौँरी महोत्सव शुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ फागुन**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ पाउद्वारमा बुधबारदेखि प्रथम चौँरी महोत्सव शुरु भएको छ । राष्ट्रिय पशुपक्षी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयको सहयोगमा चौँरी स्रोत संरक्षण तथा प्रवर्द्धन समिति पाउद्वारले आयोजना गरेको महोत्सव छ दिनसम्म सञ्चालन हुने जनाइएको छ।

चौँरी संरक्षण, चौँरीका उत्पादनको बजारीकरण, चौँरीको महत्व र स्थानीय पर्यटकीय स्थलको प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको समितिका अध्यक्ष मीनबहादुर गर्बुजाले बताउुभयो । "पाउद्वार गाउँकै नजिकै लरेनीमा झारिएका चौँरी देखाएर पर्यटक भित्र्याउने उद्देश्यले महोत्सव आयोजना गरेका हौँ", उहाँले भन्नुभयो, "कोरोनाका कारण थलिएको पर्यटन र ग्रामीण अर्थतन्त्रलाई पनि यसले सहयोग गर्ने अपेक्षा छ।" महोत्सवमा कृषक र विज्ञहरूबीच चौँरीको महत्व, समस्या, व्यावसायिक सम्भावना र कृषकको आवश्यकताका विषयमा छलफल आयोजना गरिएको छ । यसैगरी चौँरीको आलो रगत पिउने मेलासमेत सञ्चालन हुनेछ।

महोत्सवमा आउने पाहुनालाई चौँरी देखाउने र यसको महत्वका विषयमा बुझाइने कार्यवाहक वडाअध्यक्ष राजेश तिलिजाले बताउनुभयो । "म्याग्दी जिल्लामा हाम्रो वडामा मात्र चौँरीपालन हुन्छ", उहाँले भन्नुभयो, "परम्परागत चौँरीपालनलाई पर्यटन र गाउँलेको आयआर्जन सुधारसँग जोड्ने प्रयास गरिएको हो।"

दश हजारभन्दा बढी पर्यटक भित्र्याउने लक्ष्य राखिएको महोत्सवको उद्घाटनका अवसरमा चौँरी गोठाला सुकबहादुर पुनलाई सम्मान गरिएको थियो । स्थानीय मगर संस्कृतिमा आधारित पुख्यौली, सोरठी, कौरा, मादले, मारुनी गीत र नृत्य महोत्सवको आकर्षण हुन् । पाउद्वार र शिखका तीन वटा फार्मले ४०० भन्दा बढी चौँरी पालेका छन् । सामाजिक अभियानकर्मी डा महावीर पुनको अगुवाइमा पाउद्वार मावि र हिमाञ्चल माविका निजी स्रोतका शिक्षकको तलबभत्ता जुटाउन विसं २०५८ देखि खोपारा क्षेत्रमा व्यावसायिक चौँरीपालन गरिएको स्थानीयवासी भीम तिलिजाले बताउनुभयो । खोपारा, खयर, बयली, डाडखर्कलगायत बराह शिखर हिमालको फेदीका बुकीमा चौँरीपालन गरिएको छ । प्राकृतिक हिसाबले सुन्दर त्यस क्षेत्रमा पालिएका चौँरी र भेडीगोठले पर्यटकलाई आकर्षित गराएको गाउँपालिकाका उपाध्यक्ष केशमाया मगरले बताउनुभयो । राष्ट्रिय पशुपक्षी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयका वरिष्ठ पशु विकास अधिकृत खगेन्द्रराज भट्टले अनुकूल हावापानी र भूगोल भएको अन्नपूर्ण गाउँपालिकालाई चौँरी स्रोत केन्द्रका रूपमा विकास गर्न लागिएको बताउनुभयो । "चौँरीको नश्ल, गोठ सुधार, व्यावसायिक उत्पादन, उत्पादनको विविधीकरण र बजारीकरणमा सघाउने कार्यक्रम बनाएका छौँ", उहाँले भन्नुभयो, "' यहाँ पालिएका चौँरीलाई देशका अन्य ठाउँमा पनि नश्ल सुधारका लागि लैजान सकिन्छ ।" यस वर्ष स्रोत केन्द्र सञ्चालनका लागि रु नौ लाख ३५ हजार विनियोजन भएको छ।

तीन वटा याक खरिद गरेर समितिलाई उपलब्ध गराइसकिएको छ । आन्तरिक र बाह्य परजीवी विरुद्धको खोप, गोठ सुधार, खानेपानी, खर्क सुधार र गोठालाका लागि आवश्यक सामग्री सहयोग गरिने पशु विकास अधिकृत बासुदेव नाथले बताउनुभयो। चितुवाको आक्रमण, चरन क्षेत्रको अभाव र रोगको महामारी चौँरीपालनका लागि चुनौती भएको कृषक प्रेम पुर्जाले बताउनुभयो।

# तनहुँमा खोप लगाउने २२ सय

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ फागुन**

कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या दुई हजार २०८ पुगेको छ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार कूल लक्ष्यको ६७ प्रतिशतले बुधबारसम्म खोप लगाएका छन् । जिल्लामा तीन हजार दुई सय ८० जनालाई खोप लगाउनेको लक्ष्य थियो।

कार्यालयका खोप अधिकारी वीरेन्द्रकुमार चौधरीले २३५ ले खोप लगाएको जानकारी दिनुभयो । मङ्गलबारसम्म जिल्लामा एक हजार ९७३ जनाले खोप लगाएका थिए । छुटेकालाई बुधबार दमौली खोप केन्द्रबाट सेवा प्रवाह गरिएको थियो।

जिल्लामा पहिलो चरणमा छुट भएका ९८, स्थानीय तहका निर्वाचित जनप्रतिनिधि/कर्मचारी ७५२, निजामति कर्मचारी तीन सय पाँच, जनपद प्रहरी २२०, सशस्त्र प्रहरी १३, बैंक तथा वित्तीय समूहका चार सय ५७, प्राधिकरण र संस्थानका कर्मचारी दुई सय ५०, न्याय सेवाका ३२ र ८१ सञ्चारकर्मीले खोप लगाएको कार्यालयले जनाएको छ।

# तनहुँ जलविद्युत् आयोजनाका लागि सम्झौता हुँदै

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ फागुन**

तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन रहेको १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज १ का लागि निर्माण कम्पनीसँग सम्झौताको तयारी गरिएको छ।

पहिलो प्याकेज अन्तर्गतका कामका लागि तीन कम्पनीको बोलपत्र परेकामा एशियाली विकास बैंकले सोझ्दा भियतनाम/कालिका जेभीलाई छनोटको स्वीकृति दिएपछि उक्त कम्पनीसँग सम्झौताको तयारी गरिएको आयोजनाका प्रमुख अच्युत घिमिरेले जानकारी दिनुभयो । "सबैभन्दा कम दर प्रस्ताव गरेको र आर्थिक एवं प्राविधिक रूपमा प्रभावग्राही देखिएपछि उक्त कम्पनीले पहिलो प्याकेजको ठेक्का पाएको हो," उहाँले भन्नुभयो । उहाँका अनुसार फागुन दोस्रो हप्ताभित्र पहिलो प्याकेजको काम अगाडि बढाउन निर्माण कम्पनीसँग सम्झौता गर्ने तयारी छ।

उक्त कम्पनीले पहिलो प्याकेजका लागि रु १६ अर्ब ६८ करोडमा ठेक्का प्राप्त गरेको छ । पहिलो प्याकेज अन्तर्गतका कामका लागि लार्सन एण्ड टर्बो इण्डिया, चाइना गेजुवा कम्पनी र सोझ्दा भियतनाम/कालिका जेभीले बोलपत्र पेश गरेका थिए । पहिलो प्याकेज अन्तर्गत १४० मिटर अग्लो कङ्क्रिट बाँध, नदी फर्काउने दुईवटा सुरुङ, अस्थायी बाँधलगायतका संरचना निर्माण गरिनेछ। कम्पनीले यसअगाडि पहिलो प्याकेजका लागि सिएमसीसँग ठेक्का रद्द गरेर पुनः बोलपत्र आह्वान गरेको थियो।

आयोजनाको प्याकेज दुई अन्तर्गत भने करीब रु एक अर्ब खर्च भइसकेको छ । प्याकेज दुई अन्तर्गत सिनो हाइड्रो कर्पोरेशन लिमिटेडले काम गरिरहेको छ । प्याकेज दुई अन्तर्गत सिनोले सुरुङ, विद्युतगृह निर्माण र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल उपकरण आपूर्ति जडानको ठेक्का पाएको छ । त्यस्तै प्याकेज तीन अन्तर्गत प्रशारण लाइन निर्माणका लागि रु तीन करोड खर्च भएको छ। प्रशारण लाइन निर्माणका लागि भारतको केइसि इन्टरनेशनल लिमिटेडले ठेक्का पाएको छ । आयोजनाले प्रशारण लाइन निर्माणका लागि साढे २३ रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने भएकाले त्यसको प्रक्रियालाईसमेत अगाडि बढाइसकेको छ । टावर राख्नका लागि ५३ जना व्यक्तिको जग्गा अधिग्रहण गर्नुपर्नेछ। आयोजनाको प्रशारण लाइन निर्माणका क्रममा टावर राख्नका लागि साढे २३ रोपनी जग्गा अधिग्रहण गरिनेछ भने तार तान्नका लागि २१ हेक्टर क्षेत्रफललाई क्षतिपूर्ति दिइनेछ।

प्रशारण लाइन निर्माणका लागि तनहुँ र चितवनतर्फका वन क्षेत्रमा पर्ने रुख कटान हुनेछन् । तनहुँ तर्फ ३० हेक्टर वन क्षेत्रको रुख कटान गर्नुपर्ने र त्यसका लागि फाइल वन विभागमा पठाइएको छ। दमौलीदेखि भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रशारण लाइन निर्माणको ठेक्का भारतीय कम्पनी केइसीले पाएको छ। चालू आर्थिक वर्षमा प्रशारण लाइनका लागि ३० वटा टावर निर्माण गरिनेछ। आयोजनाको प्याकेज दुई अन्तर्गतको विद्युत् गृहको काम पनि भइरहेको छ। ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन तनहुँ जलविद्युत् आयोजनाको 'केवल टनेल'को काम पूरा भएसँगै विद्युत् गृहको काम भइरहेको छ । आयोजनाका लागि १४० मिटर बाँध, एक हजार १६२ मिटर र ७४ मिटर को मुख्य सुरुङ, ८९ मिटर लम्बाइ, २२ मिटर चौडाई र ४४ मिटर उचाइ भएको भूमिगत विद्युतगृह निर्माण गरिनेछ । खुद उचाई १२१ मिटर रहने आयोजनाबाट सुख्खायामा १७८.९० मेगावाट र वर्षायाममा ३२३.६८ मेगावाट ऊर्जा उत्पादन गर्नेछ। आयोजनाको कूल लागत ५०५ मिलियन अमेरिकी डलर (प्रशारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) रहेको छ। जाइकाले दोस्रो प्याकेज अन्तर्गतका कामका लागि रु १८४ मिलियन डलर बेहोर्ने छ।

# तेइस सय अनलाइन सञ्चारमाध्यम दर्ता

**रासस**
**काठमाडौं, ६ फागुन**

पछिल्लो समयमा अनलाइन सञ्चारमाध्यमको सङ्ख्या बढ्दै गएको छ । सूचना तथा प्रसारण विभागका अनुसार चालु आर्थिक वर्षमा (साउन ६९, असोज ९१, मङ्सिर १६१, पुस ११७ र माघ पहिलो सातासम्म ४०) ४७८ वटा नयाँ अनलाइन दर्ता भएका छन् ।

आव २०७५/०७६ मा ५५० वटा अनलाइन नयाँ दर्ता गरिएको छ भने १७ वटा पुनः दर्ता गएिको छ। दुई सय ७२ नवीकरण गरिएको छ । त्यसैगरी आव ०७६/०७७ मा ५६१ नयाँ अनलाइन दर्ता गरिएको छ । सो अवधिमा २७२ वटा नवीकरण गरिएको छ । हालसम्म दुई हजार ३२५ अनलाइन दर्ता भएका छन् । नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यले पछिल्लो समयमा अनलाइन पत्रकारिता मूलधारको पत्रकारिताको रूपमा विकास भएका कारण पनि व्यावसायिक र विश्वसनीय बन्न जरुरी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले अनलाइन पत्रकारिता मूलधारको पत्रकारिता बनेको छ तर यसको सङ्ख्या बढ्यो गुणस्तर भने बढ्न सकेन, सबै होइन, कतिपय अनलाइनले पत्रकार आचारसंहिता विपरीत समाचार प्रकाशन गरिएको पाइएको छ, त्यसलाई आचारसंहिता पालना गराउँदै नियमन गर्नुपर्छ ।"

दैनिक, अर्थ साप्ताहिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक, अर्थ वार्षिक र वार्षिक गरी सात हजार ८०७ पत्रपत्रिका दर्ता गरिएको छ । प्रसारण विभागका अनुसार हालसम्म एक हजार १२७ एफएम रेडियो र २०२ टेलिभिजन च्यानलले इजाजत पाएका छन ।

# आयोजना मर्मत नहुँदा विद्युत प्रयोग विहीन

**पोखरापत्र संवाददाता**
**पर्वत, ६ फागुन**

लघुजलविद्युत् आयोजना मर्मत नहुँदा पर्वतका ग्रामीण क्षेत्रमा उत्पादन हुने १५६ किलोवाट जलविद्युत् प्रयोगबिहीन बनेको छ।

जिल्लाका विभिन्न ग्रामीण क्षेत्रमा सञ्चालित झण्डै दर्जनको सङ्ख्यामा रहेका लघुजलविद्युतबाट सो विद्युत् उत्पादनको क्षमता रहेको छ । कुनै समय जिल्लाका दुर्गम भेगका अँध्यारा बस्तीमा उज्यालो पुर्‍याउने ध्ययले जलविद्युत उत्पादनमा लगानी गरिएको थियो। लाखौँ रकम लगानी गरेर सञ्चालित लघुजलविद्युत् आयोजना अहिले अलपत्र बनेका छन् ।

सामान्य लगानीमा मर्मत गरेर सञ्चालनमा ल्याउन सकिने भए पनि स्थानीय तहको बेवास्ताका कारण आयोजना अलपत्र बनेका हुन् । विगत दुई दशक अघिदेखि युएनडिपी, विश्व बैंक र सरकारको लगानीमा निर्माण भएका जिल्लाका ११ आयोजना अहिले पूर्णरूपमा बन्द छन् । तीन वर्ष अघिसम्म तीनवटा मात्र आयोजना सञ्चालनमा रहेको भए पनि अहिले केन्द्रीय प्रशारण लाइनको पहुँच विस्तार भएसँगै ती पनि बन्द भएका हुन् । पछिल्ला केही वर्षयता सामुदायिक विद्युतीकरणमार्फत पर्वतका सबै स्थानीय तहका सबै वडामा केन्द्रीय प्रशारण लाइनको पहुँच विस्तार भएको हो । दक्षिण पर्वतको पैँयु गाउँपालिकामा सञ्चालित सरौखोलामा रहेको १२ किलोवाट क्षमताको अगुवाखोला, फलेवास नगरपालिका-११ पाङराङको साढे ७ किलोवाट क्षमताको गढिसिँद्ध र विहादी गाउँपालिका-१ को ११ किलोवाटको बाच्छाखोला, पैँयु गाउँपालिका-४ हुवासमा रहेको १२ किलोवाट क्षमताको गेडीखोला, वडा नं ७ भोर्लेमा रहेको १६ किलोवाट क्षमताको धुवाकोट, मोदी-४ क्याङमा सञ्चालित १६ किलोवाट क्षमताको घट्टेखोला लघुजलविद्युत् आयोजनाबाट विद्युत् उत्पादन गर्न छाडिएको हो।

त्यस्तै विहादीकै बाच्छाखोलामा रहेका १९ र २१ किलोवाटको बाच्छाखोला लघुजलविद्युत् आयोजनामा पनि उत्पादन गर्न छाडेका छन् । पर्वतको मोदी गाउँपालिका-१ भुकताङलेमा रहेको २७ किलोवाट क्षमताको ठाडोखोला लघुजलविद्युत आयोजना पनि तीन वर्षअघि आएको पहिरोले पुरिएपछि अलपत्र बनेको छ । महाशिला गाउँपालिका-२ भोक्सिङको ६ किलोवाट क्षमताको छहरेखोला र ९ किलोवाट क्षमताको छर्छीरेखोला लघुजलविद्युत् आयोजना पनि दुई वर्षअघि गाउँमा केन्द्रीयप्रशारणलाइन विस्तार भएपछि त्यत्तिकै थन्किएका छन् । मर्मतको अभाव र कम क्षमता हुने भए पनि स्थानीयवासीले मर्मतमा पनि बेवास्ता गरेका हुन् । तत्कालीन जिल्ला विकास समिति ऊर्जा शाखाका प्रमुख मञ्जु शिलाकारका अनुसार मर्मतका लागि बजेटसमेत अभाव भएको र मर्मत गरेपछि पनि लामो समयसम्म काम गर्न छाडेपछि स्थानीयवासीले मर्मतमा बेवास्ता गरेका हुन् । स्थानीय तहले मर्मत गरेर बिजुली प्रयोगमा ल्याउने हो भने धेरै फाइदा हुने उहाँको भनाइ छ।

उहाँले गाउँमा उत्पादन गरिएको बिजुली सस्तो भए पनि केन्द्रीयलाइन आएपछि उपभोक्ताबाटै यसप्रति बेवास्ता हुँदै गएको बताउनुभयो । पछिल्लो समय स्थानीय तहले पनि उक्त लघुविद्युत मर्मतका लागि बजेट विनियोजन गरेका छैनन् । स्थानीयवासीको सक्रियता कम हुँदा केन्द्रीय लाइनसँगै गाउँमा सञ्चालित आयोजना बन्द हुँदै गएको बाच्छाका भीमबहादुर खड्काले बताउनुभयो । जिल्लाका ११ लघुजलविद्युत् आयोजनाबाट १५६ दशमलव पाँच किलोवाट विद्युत् उत्पादन भएको थियो । यसबाट दुई हजार चार सय तीन घरधुरीका २० हजार भन्दा बढी बासिन्दा लाभान्वित भएका थिए।

युएनडिपी, विश्व बैंक र सरकारको लगानीमा २०५५ सालदेखि सञ्चालनमा रहेका यी आयोजना अहिले भग्वानशेष बनेका छन् । ती आयोजनाको लागि रु दुई करोड २५ लाख खर्चिए तापनि केन्द्रीय प्रसारण, उपभोक्ताको बेवास्ता र मर्मत अभावले लोप हुने अवस्थामा पुगेका हुन् ।

# बेपत्ता किशोर दश दिनपछि फेला

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ फागुन**

व्यास नगरपालिका-४ सिमलटार बस्ने १७ वर्षीय ईश्वर क्षेत्री दश दिनपछि फेला परेका छन् । गत माघ २६ गतेदेखि बेपत्ता भएका उनी बुधबार पोखरामा फेला परेका हुन् । किशोर बेपत्ता भएकोबारे रासस समाचार प्रकाशित भएको थियो । क्याम्पस जान घरबाट हिँडेका उनी क्याम्पस नगई बेपत्ता भएका थिए । सिमलटारस्थित मामाघर बसेर पढ्दै आएका ईश्वर बेपत्ता भएपछि दाजु सन्तोषले प्रहरीमा उजूरी गर्नुभएको थियो । वीरता टोल विकास संस्थाका अध्यक्ष सरोज बस्नेतले पोखरामा फेला परेपछि ईश्वरलाई घर ल्याइएको जानकारी दिनुभयो ।

ईश्वरका दाजु सन्तोषले बेपत्ता भाइ फेला परेकामा खुशी व्यक्त गर्दै रासससँग भन्नुभयो, "भाइले पोखरामा दाइहरूसँग गएर बसेको थिएँ भनेको छ, अरु कुरा खासै सोधेको छैन । भाइ भेटियो खुशी छौं ।"

# फोटोमार्फत विश्वसामु देशलाई चिनाउने लामिछानेको धोको

– हरि बाँस्तोला
पोखरा, ६ फागुन (रासस)




विद्यालय क्षेत्रमा तीव्रगति र हर्न बजाउन निषेध लेखिएको छ, विद्यार्थी र शिक्षिका अध्ययन अध्यापनमा व्यस्त छन् । सडकमा भने एउटी महिलाले ह्विलचियरको सहायताले बच्चालाई विद्यालय पुर्‍याउँदै गरेकी छन् । तस्बिरले त्यही नै सङ्केत गरेको छ।

अ ा ेि स्ट अ ा े ज े न े ि स स इम्परफक्टा (ओआई) सजिलै हाड भाँचिने दुर्लभ रोगबाट ग्रसित भएर जीवनयापन गरिरहेका व्यक्तिको दिनचर्या समेटिएको शीर्षकमा आयोजित विश्वव्यापी फोटो प्रतियोगितामा पोखराका फोटोग्राफर खिमकाजी लामिछानेले खिच्नुभएको सो तस्बिर यतिखेर उत्कृष्ट पाँचौँ स्थानमा पर्दै फाइनलमा पुग्न सफल भएको हो । अमेरिकाका वरिष्ठ फोटो पत्रकार मार्कस ब्लिज्डेलद्वारा आयोजित प्रतियोगिता युरोडिस फोटो अवार्डमा लामिछानेले दुर्लभ रोगबाट पीडित बच्चालाई विद्यालय जान ह्विलचेयरमा सघाइरहेकी महिलाको तस्बिर सहभागी गराउनुभएको हो।

तस्बिरमा ओआई क्याम्पस लेखिएको छ। ओस्टिओजेनेसिस इम्परफक्टा (ओआई) सजिलै हाड भाँचिने रोग हो। ओआईबाट ग्रसित भई हिँड्डुल गर्न नसके पनि पढ्ने इच्छालाई रोक्न नसक्ने सन्देश तस्बिरले दिन खोजेको फोटोग्राफर लामिछानेले राससलाई बताउनुभयो । उहाँका अनुसार उक्त रोगबाट ग्रसित ११ वर्षीय बालक आफ्नै छोरा अनिमेष लामिछाने र ह्विलचियरमा राखेर विद्यालय पुर्‍याउँदै गरेकी श्रीमती दुर्गा केसी लामिछानेको फोटो हो । सजिलै हाड भाँचिने ओस्टिओजेनेसिस इम्परफक्टा नामको दुर्लभ रोग लागेका उनको अहिलेसम्म शरीरको ४० भन्दा बढी पटक हाड भाँच्चिइसकेको छ। "खुट्टा भाँच्चिए पनि पढ्ने इच्छा र उत्साह भाँचिदैन", लामिछानेले भन्नुभयो, "मेरोफोटोकोयहीसन्देश हो।" रेयर डिजिज डे (दुर्लभ रोग दिवस) फेब्रुअरी २८ अर्थात फागुन फागुन १६ गते पर्दछ। विश्वव्यापी अवार्डको फाइनलचाहिँ २४ फेब्रुअरी (फागुन १२ गते) हुने बताउँदै उहाँले सामाजिक सञ्जालमा प्राप्त भोटलाई आधार मानेर विजेता चयन गरिने प्रावधान रहेको जानकारी दिनुभयो ।" नेपालबाट प्रतिनिधित्व गरेको भन्दै सम्पूर्णमा भोट गरिदिन लामिछानेले अपिल समेत गर्नुभएको छ। प्रतियोगितामा नेपालका लामिछानेको सहित आइसल्याण्ड, स्लोभाकिया, संयुक्तराज्यअमेरिका, अष्ट्रेलियाका फोटोग्राफरहरूले खिचेका तस्बिर अन्तिम पाँचको प्रतिस्पर्धामा रहेका छन् ।

'एउटा फोटोले हजारौं शब्द बोलेको हुन्छ' भने जस्तै लामिछानेको फोटोले दुर्लभ रोगको ओस्टिओजेनेसिस इम्परफक्टा (ओआइ) बाट ग्रसित बालकको अवस्था, परिवारको जिम्मेवारी तथा शिक्षण संस्थाको वातावरणलाईविशेषसङ्केतगरेको छ । युरोडिसले हरेक वर्ष विविध विधामा फोटो प्रतियोगिता गर्दै आइरहेको छ। युरोडिसब्ल्याकपर्ल अवार्ड २०२१ को यो १० औं सस्करण हो । यस प्रतियोगितामा ३० देशका फोटोग्राफरले खिचेका कूल दुई हजार ७३ वटा फोटो सहभागी छन् ।

सन् २०२१ जनवरी ३१ बाट शुरु गरिएको प्रतियोगिताअन्तर्गत ११ फेब्रुअरीमा उक्त फोटो उत्कृष्ट पाँचमा घोषणा गरिएको थियो । फेब्रुअरी २४ को साँझ प्रत्यक्ष प्रसारणममार्फत अवार्ड समारोह गरिने छ जसबाट उत्कृष्ट पहिलो, दोस्रो र तेस्रो भोटको आधारमा निर्णायक नतिजा घोषणा गरिने कार्यक्रम छ।

फोटोहरू पब्लिक भोटको आधारमा निर्णय गराउनुको उद्देश्य फोटोग्राफीको माध्यमबाट दुर्लभ रोग (ओआई) बारे विश्वव्यापीरूपमा जनचेतना फैलाउन सहयोग पुग्ने युरोडिसको वेबसाइटमा उल्लेख गरिएको छ। उक्त फोटोको शीर्षक आइओ क्यान दिइएको छ । सामाजिक सेवामा समर्पित लामिछानेले भन्नुभयो, "यस्ता बिरामी अन्य छ जना पनि सम्पर्कमा रहनुभएको छ । स्वयंसेवीका रूपमा थुप्रै सङ्घसंस्थाका कार्यक्रमको फोटो खिच्ने र सङ्कलन गर्दै आएको छु । फोटोग्राफीको लगावका कारण यो सफलता प्राप्त भएको हो। सबैको साथ र सहयोग पाउने विश्वासका साथ नेपाली फोटो प्रथम हुनेमा विश्वास छ।"

एक लाखको सङ्ख्यामा एक जनामा देखिने तथ्याङ्क रहेको ओस्टिओजेनेसिस इम्परफक्टा (ओआई) सजिलै हाड भाँचिने रोगबाट पर्वत जिल्लाको बिहादी गाउँपालिका-३ रानीपानीका एकै परिवारका पाँच जना दिदीबहिनी ग्रसित रहेका थिए । विपन्न एवं दलित परिवारका दुईको सोही रोगबाट निधन भएको छ भने अन्य तीनको अहिले पनि स्वास्थ्य उपचारसँगै जीविकोपार्जनमा समेत समस्या भएपछि उनीहरू कष्टकर जीवन बिताउन बाध्य छन् ।

# कोभिड-१९ को प्रभावमा 'तनहुँ सभाहल'

पोखरापत्र संवाददाता
तनहुँ, ६ फागुन

गण्डकी प्रदेशकै गौरव तथा ठूलो आयोजनाको रूपमा निर्माणाधीन 'तनहुँ सभाहल'को निर्माण कार्य हालसम्म ७५ प्रतिशत सम्पन्न भएको छ।

विसं २०७४ पुस १३ मा सम्झौता गरी विसं २०७७ असार १३ मा निर्माण सम्पन्न गर्ने सम्झौता गरी श्री डाँफे एमए प्रतिष्ठा जेभी काठमाडौंले निर्माणको जिम्मा पाएको हो । कोभिड-१९ का कारण सम्झौता भएको अवधिमा सम्पन्न गर्न नसकिएपछि छ महिनाको म्याद थप गरी पुस महिनामा सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य अघि बढाइएको थियो। उक्त अवधिमा पनि सम्पन्न गर्न नसकिने देखिएकाले पुनः छ महिना समय थप्नका लागि प्रक्रिया अघि बढाइएको निर्माण कम्पनीका इञ्जिनीयर विक्रम केसीले बताउनुभयो।

व्यास नगरपालिका-३ बिपीवन बाटिकामा निर्माण गरिएको उक्त भवनको निर्माणको कार्य सम्पन्न भए पनि फिनिसिङको कार्य बाँकी रहेको छ। उहाँका अनुसार अहिले मार्बल बिच्छ्याउने कार्य, प्लम्बिङ, एसी जडानलगायतका कार्य भइरहेका छन् । करिब छ हजार ५०० वर्गफिट क्षेत्रफलमा निर्माण गरिएको उक्त भवनको दुई ब्लकमा गरी भवन निर्माण गरिएको छ । निर्माणाधीन सभाहलको क्षमता ७५० को रहेको बताइएको छ । चार ढलानको निर्माण हुने सो भवनको भुइँ ढलानमा सवारी पार्किङ, दोस्रो तल्लामा स्टेज, तेस्रोमा सेमिनार हल र चौथोमा अतिथिका लागि कपडा परिवर्तन गर्ने र आराम कक्षलगायतका सुविधायुक्त कक्ष रहने छन् ।

शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय गोरखाको आर्थिक सहयोगमा भवन निर्माण कार्य अघि बढाइएको निर्माण कम्पनीका साइट सुपरभाइजर गौतम घिमिरेले जानकारी दिनुभयो। भवन कूल रु २३ करोड ६२ लाख ४३ हजार ३३१ लागतमा बन्न लागेको हो।

# न्यादी आयोजनाको विद्युत् जेठदेखि

पोखरापत्र संवाददाता
लमजुङ, ६ फागुन

निर्माणाधीन ३० मेगावाट क्षमताको न्यादी आयोजनाले आगामी जेठबाट विद्युत् उत्पादन गर्ने भएको छ।

मर्स्याङ्दी गाउँपालिका-६ स्थित ङादीखोलामा चिनियाँ कम्पनी चचियाङ हाइड्रोपावर कन्स्ट्रक्शन एण्ड इन्स्टलेसन कम्पनीद्वारा निर्माण गरिरहेको सो आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। आगामी जेठभित्रमा सबै निर्माण सकेर बिद्युत् उत्पादन गर्ने लक्ष्य रहेको आयोजनाका सिनियार इञ्जिनीयर विवेक कारान्जितले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "हालसम्म ९५ प्रतिशत निर्माण सम्पन्न भइसकेको र बाँकी सम्पन्न गर्नुपर्ने कार्य पनि अन्तिम अन्तिम चरणमा पुगेको छ। हालसम्म टनेल, पेनस्टक पाइप लाइनको काम, सुरुङको सबै काम सम्पन्न भइसकेको उहाँको भनाइ छ।" बाँधस्थलको पनि ९९ प्रतिशत काम सम्पन्न भइसकेको छ। बाँधस्थलमा एउटा गेट मात्र राख्न बाँकी रहेको छ।

पावर हाउसको अधिकांश काम सम्पन्न भइसकेको र उपकरण जडान अघि बढिरहेको आयोजनाले जनाएको छ। पावर हाउसमा दुई उपकरण जडान गर्न बाँकी रहेको बताइएको छ। उहाँका अनुसार प्रशारनलाइनको काम पनि ५० प्रतिशत सम्पन्न भएको छ।

आयोजनाबाट ९ किलोमिटर टाढा ट्रान्समिसन लाइन जोड्नका लागि २५ टावर राख्नुपर्नेमा हालसम्म १२ राखिसकेको र १३ राख्न बाँकी रहेको छ। आयोजनाका जनसम्पर्क अधिकृत विजय गुरुङले भन्नुभयो, "हामीले यही फागुन महिनातिर निर्माणकार्य सक्ने लक्ष्य राखे पनि कोभिडलगायत विविध कारणले गर्दा निर्माणको अवधि थपिएको छ ।" रोकिएका सामग्री आइपुग्ने आयोजनाले जनाएको छ । विसं २०७३ चैत महिनादेखि निर्माण थालनी गरेको आयोजनाले तीन वर्षभित्र सम्पन्न गरिसक्ने सम्झौता भएको थियो। उक्त सम्झौतानुसार गत चैतमा आयोजनाको निर्माण सम्पन्न गरी विद्युत् उत्पादन गर्नुपर्थ्यो। विविध कारणले निर्माणमा ढिलाइ भइरहेका बेला लकडाउनले समेत आयोजनालाई प्रभाव बनाएकाले लम्बिन पुगे पनि अब भने समय थप गर्न नपर्ने आयोजनाले जनाएको छ।

आयोजनाका अनुसार ६ अर्बको लागतमा निर्माण सम्पन्न गर्ने लक्ष्य आयोजनाको छ। आयोजनामा एभरेष्ट बैंकको अगुवाइमा पाँच बैंकले ७५ प्रतिशत अर्थात् रु साढे चार अर्ब ऋण लगानी गरेका छन् । बुटवल पावर कम्पनीको २५ प्रतिशत लगानी रहेको छ। आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग वर्षायाममा ४.८० र सुख्खायामका लागि ८.४० मा विद्युत् खरीद सम्झौता (पिपिए) गरेको छ।

त्यस्तै सो आयोजना बाहेक पिपुल हाइड्रोपावर कम्पनीद्वारा निर्माणाधीन दोर्दी कोरिडोरकै सबैभन्दा ठूलो दोर्दी गाउँपालिका वडा नं ६ ढोडेनीमा निर्माणाधीन ५४ मेगावाट क्षमताको कोभिडका कारणले प्रभावित बनेको सुपरदोर्दी 'ख' आयोजना आयोजनाले आगामी भदौं महिनासम्म बिजुली उत्पादन गर्ने लक्ष्य राखेको छ।

# डेढ वर्षभित्रै भूमिहीनलाई जग्गा दिने तयारी

पोखरापत्र संवाददाता
बागलुङ, ६ फागुन

भूमिसम्बन्धी समस्या सामधान गर्न सरकारले हालै गठन गरेको भूमि समस्या सामधान आयोग बागलुङले भूमिहीनलाई डेढ वर्षभित्रै जग्गा उपलब्ध गराउने तयारी थालेको छ। यहाँका दशवटै स्थानीय तहसँग सहकार्य गरेर तथ्याङ्क सङ्कलनको काम भइरहेकाले डेढ वर्षमा नै बागलुङमा काम सक्ने तयारी रहेको आयोगको सचिवालयले जनाएको छ।

केही दिन पहिला पदभार ग्रहण गरेका पदाधिकारीले धमाधम काम थालेका छन् । पहिलो चरणमा स्थानीय तहहरूसँग सम्भौताको काम भइरहेको छ । रासससँगको कुराकानीमा आयोग बागलुङका अध्यक्ष कृष्णप्रसाद पाठकले नेपालमा भूमिसम्बन्धी समस्या धेरै लामो समयदेखि रहेको भन्दै विगतमा पनि आयोग, कार्यदल र समिति बने तर समस्या समाधान गर्नसकेको बताउनुभयो।

यसपटक गठन भएको आयोगले जनताको चित्त बुझ्ने गरी काम गर्ने उहाँको भनाइ थियो । "बागलुङको सन्दर्भमा भन्नुपर्दा मोटामोटी आयोगका तीनवटा काम हुन्छन्। पहिलो काम भूमिहीन दलितलाई जग्गा प्रदान गर्ने, दोस्रो काम भनेको भूमिहीन सुकुम्वासीलाई जग्गा प्रदान गर्ने र तेस्रो काम भनेको अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने हो", उहाँले भन्नुभयो, "मूलतः यी कामलाई आयोगले प्राथमिकतामा राखेको छ र डेढ वर्षमा यी सबै काम सकिन्छन् ।" प्रारम्भिक तथ्याङ्कअनुसार बागलुङमा भूमिहीन दलितको सङ्ख्या ९२८ रहेको छ। सुकुम्वासीको सङ्ख्या ६२० र अस्थायी बसोबासीको सङ्ख्या चार हजार ७६९ रहेको देखिन्छ। यो मोटामोटी तथ्याङ्क भएको आयोगले जनाएको छ। "यथार्थ आँकडा पछि आउने छ। हामीलाई काम गर्नका लागि आयोगले मुख्यत सहयोगीका रूपमा स्थानीय तहलाई राखेको छ", पाठकले भन्नुभयो, "आयोगले गरेको व्यवस्थाअनुसार भूमिहीन दलित को हो ? सुकुम्वासी को हो र अव्यवस्थित बसोबासी को हो भन्नेकुरा हामी स्थानीय तहमार्फत नै गर्छौं । स्थानीय तहको समेत वडा तहमा पुगेर लक्षित समूहको पहिचान हुन्छ ।" भूमिहीनका लागि महानगरपालिकादेखि नगरपालिकासम्म १३० वर्गमिटर जग्गा प्रदान हुन्छ । अन्य क्षेत्रमा ३४० वर्गमिटर जग्गा प्रदान गरिन्छ । अव्यवस्थित बसोबासीका सन्दर्भमा उनीहरू कहाँ छन् र कति जग्गामा छन् भनेर खोजी गरेर व्यवस्थापन हुने उहाँले बताउनुभयो।

पाठकले सबै राजनीतिक आस्था भएका भूमिहीनले अपनत्व बोध गर्ने गरी काम गर्ने प्रतिबद्धतासमेत जनाउनुभयो। "म भूमि व्यवस्थासम्बन्धी आयोग बागलुङको अध्यक्ष हुँ। यद्यपि म कुनै दलको नेता कार्यकर्ता हुँला। मैले जब भूमि आयोगको हैसियतले शपथ खाएपछि म राष्ट्रसेवक सरह हो", उहाँले भन्नुभयो, "म सबैको साझा आयोगको अध्यक्ष हो। कुनै दलको भूमिहीनले जग्गा पाउने वा कसैले नपाउने भन्ने हुँदैन । म अध्यक्ष रहँदासम्म सबै दलमा आस्था रहेका सबै भूमिहीन र सुकुम्वासीलाई जग्गा प्रदानमा समानता कायम गर्ने कुरामा प्रतिबद्ध छु।"

रक्तदान जीवनदान
जीवनदान महादान

# एक करोड ५५ लाखको अक्षयकोष

पोखरापत्र संवाददाता
बागलुङ, ६ फागुन

देवघाट गाउँपालिकामा सञ्चालित वृद्धाश्रमका लागि रु एक करोड ५५ लाखको अक्षयकोष स्थापना गर्ने अभियान सञ्चालन गरिएको छ।

देवघाट क्षेत्र विकास समिति अन्तर्गत सञ्चालित देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम)का लागि रु एक करोड ५५ लाखको अक्षयकोष स्थापना गर्न अभियान सञ्चालन गरिएको हो । एक व्यक्तिबाट रु १५ हजार ५०० सङ्कलन गरेर एक हजार जनालाई आजीवन सदस्य बनाउने अभियान रहेको क्षेत्र विकास समितिका कार्यकारी निर्देशक धीरनबाबु घिमिरेले जानकारी दिनुभयो । एक हजार आजीवन सदस्य बनेसँगै वृद्धाश्रमका लागि सरकारको भर पर्नुनपर्ने घिमिरेले बताउनुभयो । वृद्धाश्रममा हाल ३८ जना वृद्धवृद्धा रहेका छन्। वृद्धाश्रमको क्षमता ५० जनाको रहेको छ। उहाँका अनुसार ६ जना कर्मचारीले वृद्धाश्रम हेर्दै आएका छन्। जायजन्म र जायजेथा नभएका ६० वर्ष नाघेका वृद्धवृद्धालाई स्थानीय तहको सिफारीसमा वृद्धाश्रममा राख्ने गरिन्छ। वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई आवश्यक खाद्यन्न र लत्ताकपडा दाताले पुऱ्याउँदै आएका छन् । उहाँका अनुसार पछिल्लो समय वृद्धाश्रममा भौतिक संरचना थप निर्माण गरी सुविधा सम्पन्न बनाइएको छ । वृद्धवृद्धालाई बस्ने ठाउँदेखि नुहाउनका लागि तातो पानी, वातावरण अनुकूलित आवास क्षेत्र टेलिभिजन जडानलगायतका काम गरिएको छ । विसं २०५२ बाट वृद्धाश्रम सञ्चालनमा ल्याइएको हो।

Government of Nepal
Ministry of Agriculture and Livestock Development
**Nepal Livestock Sector Innovation Project**
**Decentrilized Project Support Unit Pokhara, Kaski, Nepal**

**Invitation for Sealed Quotation for the Procurement of Furniture and Furnishing**

**Contract Identification No : NP-MOLD-198714-GO-RFQ**
**Date of publication : 19 February, 2021**

Name of the Development Partner: The World Bank
Credit Number: [IDA-61496]

1. The Nepal Livestock Sector Innovation Project DLSU Pokhara invites sealed quotations from registered Suppliers for the procurement, supply and delivery of Furniture and Furnishing.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nepal Livestock Sector Innovation Project, Decentralized Level Support Unit, Pokhara Kaski.
3. A complete set of Bidding Documents may be purchased from the office Nepal Livestock Sector Innovation Project, Decentralized Level Support Unit, Pokhara Kaski., by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 05 March, 2021 during office hours.
4. Sealed bids must be submitted to the office of Nepal Livestock Sector Innovation Project DLSU Pokhara by hand on or before 12.00 hrs of 07 March, 2021. Bids received after this deadline will be rejected.
5. The bids opened in the presence of Bidders' representatives who choose to attend at 12.30 hrs 07 March, 2021 at the office of Nepal Livestock Sector Innovation Project, DLSU, Pokhara. Bids must be valid for a period of 75 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NPR 24000.00 (In words: Twenty-Four Thousand Only), which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Account No: 3020100102030000, RB Bank, Prithvichowk, Pokhara, and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Office Chief**